फोन : ०६९□५२०१३०
फ्याक्स : ०६९□५२०६३०
इमेल : dadomyagdi@gmail.com
टोल फ्रि : १६६०६९५२००००

प्रदेश सरकार
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र
## म्याग्दी,बेनी
## गण्डकी प्रदेश,नेपाल

प.सं.: २०७५/७६
च.नं.: १५५

मिति : २०७५/०९/०९

बिषय : सूचना टाँस गरि दिने वारे ।

श्री बेनी नगरपालिका
बेनी,म्याग्दी ।
श्री मंगला गाउँपालिका
वावियाचौर,म्याग्दी ।
श्री मालिका गाउँपालिका
दरवाङ्ग,म्याग्दी ।
श्री धवलागिरी गाउँपालिका
मुना,म्याग्दी ।
श्री रघुगंगा गाउँपालिका
मौवाफांट,म्याग्दी ।
श्री अन्नपुर्ण गाउँपालिका
पोखरेवगर,म्याग्दी ।

प्रस्तुत विषयमा यस कृषि ज्ञान केन्द्रको पांगारिक कृषि प्रवर्द्धन मिसन कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने र सहकारी खेती स्किम तथा सहकारी शिंचाइ कार्यक्रमको माग फाराम पेश गर्ने वारेको सूचना यसै पत्र साथ संलग्न राखि पठाइएको छ । तहाँ कार्यालयको सूचना पाटीमा सूचना टाँस गरी उक्त सूचनाको प्रचार प्रसार गरि दिनु हुन अनुरोध छ ।

.........................
नरेश चन्द्र घिमिरे
प्रमुख (रा.प.द्वि.)

अन्नपूर्ण गाउँपालिका
दर्ता नं.: ५१२
दर्ता मिति: ०७५/०९/१२

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
म्याग्दी, बेनी
गण्डकी प्रदेश

इमेल: akcmyagdi@gmail.com
फोन नं: ०६९-४२०१३०

पत्र संख्या : ०७५/७६
च.नं. :

मिती: २०७५/०९/०९

सुचना! सुचना!! सुचना!!!

बिषय : सहकारी खेती स्किम तथा सहकारी सिंचाई कार्यक्रम माग फाराम पेश गर्ने बारेको सूचना ।

प्रस्तुत विषयमा चालु आ.ब. २०७५/०७६ मा यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार सहकारी खेती स्किम तथा सहकारी सिंचाई बिशेस कार्यक्रम संचालन गर्ने प्रयोजनका लागी तपशिलको परिधि भित्र रही संगठित कृषि सहकारी संस्था हरुलाई निर्धारित ढाँचा अनुसारको सहकारी सिंचाई तथा सहकारी खेती स्किम कार्यक्रम आयोजना माग फाराम पेश गर्नु हुन सूचित गरीएको छ।

**तपशिल**

१) आयोजना माग फाराम साथ निम्न कागजातहरु संलग्न हुनुपर्ने छ।
   क) कृषि सहकारीको दर्ता प्रमाण-पत्रको प्रतिलीपी तथा गत आ.ब को अडिट रिपोर्ट
   ख) राजश्व वापत रु ३००।- तथा निबेदनमा रु १० को टिकट टाँस हुनुपर्ने
   ग) आयोजना संचालनको लागि सहकारीको निर्णय प्रतिलिपी
   घ) सहकारी र कृषि ज्ञान केन्द्रले सम्पन्न गर्ने मुख्य कार्य र ब्यहोर्ने रकम सहितको मोटा मोटी लागत विवरण
   ङ) आयोजना प्रस्तावनाको विस्तृत विबरण
   च) सम्बन्धित स्थानीय तहको सिफारिस पत्र
   छ) सिचाई श्रोतमा विवाद नभएको हुनु पर्ने

२) सहकारी खेती स्किम कार्यक्रमको लागि अधिकतम रु ५ लाख सम्म र सहकारी सिंचाई कार्यक्रमको लागि अधिकतम रु ३ लाख सम्मको योजना हुने छ।

३) उल्लेखित कागजात / प्रमाण सहितको निवेदन यहि माघ ०९ गते भित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ।

प्रमुख (रा.प.द्वि.प्रा)

कृषि विकास ...
कृषि ज्ञान केन्द्र, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

फोन : ०६९-५२०१३०
फ्याक्स : ०६९-५२०६३०
इमेल : akcmyagdi@gmail.com
टोल फ्रि : १६६०६९५२००००

प्रदेश सरकार
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

**म्याग्दी,बेनी**

**गण्डकी प्रदेश,नेपाल**

## सूचना ! सूचना !! सूचना !!!

मिति : २०७५/०९/०९

**विषय :- प्रांगारिक कृषि प्रवर्द्धन मिसन कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सूचना ।**

प्रांगारिक खेती गर्न तथा प्रांगारिक उपजको उत्पादन गर्न इच्छुक उद्यमी कृषक, कृषि फर्म तथा कृषक समूह वा कृषि सहकारीको लागि व्यवसायिक प्रांगारिक खेतीको प्रवर्द्धन गरी उत्पादन र उत्पादकत्व बृद्धि गर्ने उद्देश्यले तपसिलमा उल्लेखित कार्यक्रम लागत साझेदारीमा संचालन गर्न म्याग्दी र मुस्ताङ्ग जिल्लाका इच्छुक उद्यमी कृषक,कृषि फर्म,कृषक समूह वा कृषि सहकारीले निम्न लिखित कागजातको साथमा २०७५ माघ ९ गते भित्र तोकिएको ढाँचामा निवेदन र प्रस्ताव तयार गरी यस कृषि ज्ञान केन्द्र र कृषि ज्ञान केन्द्र सम्पर्क इकाई मुस्ताङ्गमा दरखास्त दिनु हुन यो सूचना पकाशित गरिएको छ । निवेदन एवं प्रस्तावको ढाँचा र सुचना यस केन्द म्याग्दी,सम्पर्क इकाई मुस्ताङ्ग,सम्वन्धित गाउँपालिका र नगरपाकिाबाट प्राप्त गर्न सकिने छ । थप जानकारीको लागि कृषि ज्ञान केन्द्रमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

तपसिल

| सि.नं. | साझेदारीकार्यक्रम | कार्यक्रम संख्या | कुल बजेट रु हजारमा | अनुदान प्रतिशत बढिमा | कैफियत |
|---|---|---|---|---|---|
| १ | एकल फर्मको लागि खुल्ला जमिनमा प्रांगारिक उत्पादन | ५ | १०० | ८० प्रतिशत | कम्तिमा १० रोपनी क्षेत्रफलमा प्रांगारिक खेती गर्नु पर्ने छ । |
| २ | प्रांगारिक उत्पादनका लागि प्लाष्टिक घर विस्तार | ८ | ५२४० | ८० प्रतिशत | नयां संरचना निर्माण गर्न अनुदान दिइने छ । |
| ३ | प्रांगारिक उत्पानका लागि प्लाष्टिक घर सुधार | ६ | १६५ | ८० प्रतिशत | पहिले नै निर्माण भै रहेका प्लाष्टिक घरहरुलाई सुधार गर्न अनुदान दि छ । |
| ४ | समूह वा सहकारीका लागि खुल्ला जमिनमा प्रांगारिक उत्पादन | २ | २६८.८ | ८० प्रतिशत | कम्तीमा ६० रोपनी जग्गामा खेती गर्नु पर्ने छ । |

प्रस्ताव पेश गर्नका लागि आवेदन दिन आवश्यक कागजातहरु

१. कृषि उद्यमी, कृषि फर्म, दर्ता प्रमाण - पत्र,PAN/VAT प्रमाण पत्र र पछिल्लो आ.व.को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी
२.कृषि सहकारीको हकमा दर्ता प्रमाण - पत्र,वार्षिक अडिट रिपोर्ट, संचालक समितिको बैठकको निर्णय प्रतिलिपी
३.कृषक समूहको हकमा दर्ता प्रमाण - पत्र,समूहको बैठकको निर्णय प्रतिलिपी
४.खेती गरिने जग्गाको लालपुर्जाको प्रतिलिपी साथै करारमा लिएको जग्गाको हकमा कम्तीमा ५ वर्षको करारनामाको प्रतिलिपी
५.सम्वन्धित स्थानिय तह वडाको कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको वा कार्यक्रम दिन उपयुक्त हुने सिफारिस पत्र

नोट : तरकारी,आलु,कोदो,फापर,सिमी,केरा र सुन्तला वालीलाई प्राथमिकता दिइने छ ।

सम्पर्कको लागि फोन नं. ०६९-५२०६३०,५२०१३०,मो.नं.९८५७६२२१४४,९८५७६२३७०६

प्र.द्वि.प्रा